*Ref. Press Realese-19/023-25*

**प्रेस नोट**

**गैरआवासीय नेपाली संघ (NRNA) अन्तर्राष्ट्रिय समन्वय परिषद् (ICC) को बैठक सम्पन्न**

गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद् (ICC) को बैठक मिति १७ अगस्ट २०२४, शनिबार भर्चुअल माध्यमबाट सम्पन्न भयो । डा. बद्री केसीको अध्यक्षता र महासचिव गौरिराज जोशीद्वारा सञ्चालित यस बैठकमा केन्द्रिय, क्षेत्रीय, राष्ट्रिय समन्वय परिषदका सल्लाहकार, मानार्थ परिषद तथा पदाधिकारीहरू र सदस्यहरू उपस्थित भई देहायबमोजिमका महत्वपूर्ण छलफल र निर्णयहरू गरिएका छन् ।

| मुख्य एजेन्डा | निर्णय |
|---|---|
| धन्यवाद तथा बधाई प्रस्ताव | सम्मानित सर्वोच्च अदालतमा रिट दायर गरी ११ औं महाधिवेशनबाट निर्वाचित ICC २०२३-२०२५ कार्यकालको वैधता र कार्यअधिकार स्थापित गर्न सफल भएकोमा उपाध्यक्ष रोजिना प्रधान राई, सचिव टिका गुरुङ, सहकोषाध्यक्ष कृष्ण तिमिल्सेना लगायतलाई यो बैठक विशेष धन्यवाद ज्ञापन गर्दछ । |
| सर्वोच्च अदालतको निर्णय र महाधिवेशनको वैधता | सम्मानित सर्वोच्च अदालतको फैसलामा आदेश भएपश्चात ११ औंमहाधिवेशनमार्फत निर्वाचित अन्तर्राष्ट्रिय र क्षेत्रीय परिषदहरूलाई स्पष्ट कार्यकारी अधिकार प्राप्त भएको छ । यसर्थ यो बैठक राष्ट्रिय समन्वय परिषदहरुसँग आवश्यक समन्वय गरी गैरआवासीय नेपाली समुदायमा सेवा प्रवाह गर्न तथा नेपालमा परोपकारका कार्यहरू अघि बढाउन सबैलाई आग्रह गर्दछ । |
| एनआरएन डे २०२४ विशेष कार्यक्रम | आगामी अक्टोबर महिनामा भव्य रुपमा 'एनआरएनए डे (एनआरएनए दिवस) तथा वार्षिक साधारणसभा' आयोजना गर्ने र त्यसका लागि संघका उपाध्यक्ष डा. हेम राज शर्माको संयोजकत्वमा आयोजक समिति गठन गर्ने निर्णय गरिन्छ । कार्यक्रम दशैं र तिहारको बीचमा काठमाडौंमा गरिनेछ । |
| बाँकी सपथ र जिम्मेवारी | आगामी IES बैठकमा बाँकी पदाधिकारीको सपथ ग्रहण र जिम्मेवारी बाँडफाँड गर्ने निर्णय गरिन्छ । |
| क्षेत्रीय बैठक र राष्ट्रिय समन्वय परिषद् सक्रियता | क्षेत्रीय परिषद् स्वायत्त रहेको र आ-आफ्नो क्षेत्रीय बैठक अनुकूल समयमा सम्पन्न गर्न क्षेत्रीय संयोजकहरूलाई यो बैठक निर्देश गर्दछ । साथै, राष्ट्रिय समन्वय परिषदहरूमा २०२५-२०२७ कार्यकालका लागि सदस्यता खुला गर्ने निर्णय गर्दै त्यसका लागि MIS प्रणालीको तयारी गर्न स्मार्ट NRNA समितिलाई निर्देशन दिइन्छ । |
| नेपाल राष्ट्रिय | गैरआवासीय नेपाली संघको प्रतिनिधित्व गर्दै एनआरएन खेलाडीहरुले नेपालको राष्ट्रिय खेलकुद प्रतियोगितामा भाग लिने निर्णय गरिन्छ । र तत्काल त्यसका लागि तयारी थाल्न संघका युवा |

| | |
|---|---|
| खेलकुदमा सहभागिता | उपाध्यक्ष रोशन थापा संयोजकत्वको समितिलाई निर्देशन दिइन्छ। |
| .एनआरएन नागरिकता अधिकार | नेपाली नागरिकताको निरन्तरता सुनिश्चित गर्न र सहज उपभोगका लागि कानूनी परिमार्जनमा जोड दिइनेछ । यसमा नेपाल कानुन आयोग, गृह मन्त्रालय, कानुनविद्हरू, राजनीतिक दलहरू र प्रधानमन्त्रीसँग संवाद अघि बढाउने निर्णय गरिन्छ। |
| नेपालमा लगानी प्रवर्द्धन | नेपालमा लगानीलाई निरन्तर प्राथमिकता दिँदै अघि बढ्ने निर्णय गरिन्छ। |
| राजनीतिक तटस्थता | संघले सदा झैं राजनीतिक तटस्थता कायम राख्नेछ। |
| संस्थाको सुदृढीकरण तथा एकता | गैरआवासीय नेपाली संघलाई थप संगठित, एकीकृत, मर्यादित र व्यवस्थित बनाउन अध्यक्ष डा. बद्री केसीको नेतृत्वमा समिति गठन गरी आवश्यक संवाद र छलफल अघि बढाइनेछ। यो बैठकमार्फत ने साथै संवादका लागि सबै पक्षलाई खुला आमन्त्रणगरिन्छ । विश्वभरका विभिन्न तहका सदस्यहरूसँग संवाद र छलफल गर्न सबै केन्द्रीय परिषद सदस्यहरूलाई अध्यक्षले अनुरोध गर्ने र यस सन्दर्भमा, अध्यक्ष डा. बद्री केसीको बेलायत, अस्ट्रेलिया लगायतका राष्ट्रिय परिषद्हरूको निमन्त्रणामा भ्रमण तय भइसकेको जानकारी गराइन्छ।<br><br>अन्य स्थानहरूमा पनि अध्यक्ष र विभिन्न पदाधिकारीहरूको भेटघाट र संवाद भ्रमण गर्नेमा सबैजना सहमत हुनुभएको छ। संघले गैरआवासीय नेपाली समुदायका समस्याहरूको अध्ययन र समाधान गर्न पुलको रूपमा काम गर्ने विषयमा बैठकमा सहभागी सबै एकमत भएका छन्। |

प्रवक्ता: फणिन्द्र पन्त

अन्तर्राष्ट्रिय समन्वय परिषद्

मिति: १७ अगस्ट २०२४